# छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव

स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको (CE.Ed..598) विषयको आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**

**गोपाल पौडेल**

**परीक्षा रोल नं. २२६०००८/२०७५**

**त्रि.वि. दर्ता नं.:- ९-२-५८८-११-२००६**



**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**ओखलढुगा क्याम्पस ओखलढुगा**

**ओखलढुगा**

**२०७८**

## प्रतिवद्धता पत्र

प्रस्तुत विषयमा त्रिभुवन विश्वविद्यालय ओखलढुगा क्याम्पस ओखलढुगाको शिक्षाशास्त्र संकाय, स्नातकोत्तर दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन मुख्य विषय अन्तर्गत छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूरा गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नीतिनियमहरूको पालना गरी तयार पारिएको छ । यस अनुसन्धानमा अघिल्ला अध्ययन अनुसन्धानलाई हुवहु नसारी आफ्नो भाषाशैलीमा तयार पारिएको छ । यो अनुसन्धान तयार पार्दासम्म आज भन्दा अगाडी कहि कतै पेश नगरी आफैले तयार पारेको छु । अन्य कुनै प्रकारको अनियमित कार्य गरेको छैन, भए गरेको पाइएमा नियम अनुसार कारवाही व्यहोर्न तयार छु भनी यसै प्रतिवद्धता मार्फत प्रतिवद्धता जाहेर गर्दछु ।

............................

मिति : २०७८/०८/२८

गोपाल पौडेल

एम. एड. दोस्रो वर्ष

**कृतज्ञता**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह दोस्रो वर्षमा गर्नुपर्ने शोधपत्र तयारीको लागि "छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव" सम्बन्धि शिर्षकको छनोट गरी आवश्यक कार्य सम्पादन गर्ने मुख्य कार्यमा महत्वपूर्ण जानकारी एवम. आवश्यक परामर्श प्रदान गर्नसहयोग पुऱ्याउने ओखलढुगा क्याम्पस ओखलढुगा त्यस्तै पाठ्यक्रम तथा मूल्याङ्कन विभाग प्रति हार्दिक आभारी छु । शोधपत्र विषयवस्तुको वास्तविक अवस्थाको गहनतम अध्ययन गरी वास्तविकता पत्ता लगाउने अनुसन्धानात्मक कार्य हो । प्रस्तुत शोधकार्यको सम्पन्न गर्न अनुमति प्रदान गरी हरबखत निर्देशन तथा पृष्ठपोषण प्रदान गर्नुहुने ओखलढुगा क्याम्पस ओखलढुगा क्याम्पस प्रमुख श्री सुमन राजभण्डारी ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी प्रस्तावना लेखन देखि शोधपत्रलाई अन्तिम लेखन सम्म निरन्तर रुपमा आफ्नो अमूल्य समय दिई पटक पटक परामर्श, निर्देशन, सल्लाह, सुझाव र प्रोत्साहन गरिदिनु हुने यस क्याम्पस उपप्राध्यापक एवम् शोधनिर्देशक श्री हरि कुमार भट्टराई विशेष धन्यावादको पात्र हुनुहुन्छ । यसैगरी शिर्षक छनोटलगायत अन्य पक्षहरुको लेखन सिपमा आवश्यक परामर्श प्रदान गर्नुहुने यस क्याम्पसका पाठ्यक्रम तथा मूल्याङ्कन उपप्राध्यापक ज्यूप्रति कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अनुसन्धानको सूचना संकलनमा सहयोग पुऱ्याउनु हुने नमूना छनोटमा परेका विद्यालयहरुका प्र.अ.ज्यूहरु, शिक्षक र विद्यार्थीहरुप्रति धन्यवाद प्रकट गर्दछु । साथै लेखन कार्यमा समय र वातावरण मिलाउन सहयोग पुऱ्याउने  लाई धन्यावद दिन चाहन्छु ।

यसरीगरी अध्ययनको क्रममा हौसला र प्रेरणा प्रदान गर्ने आदरणीय साथि प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । अन्त्यमा शोध कार्यलाई मूर्तरुप दिन कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने  कम्प्युटर सेन्टर लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

गोपाल पौडेल

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूर्ति गर्ने प्रयोजनका लागि छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यस शोधकार्यका उद्देश्यहरु आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्नु, छात्रवृत्ति वितरण कार्यक्रमको प्रभावकारीता विश्लेषण गर्नु, छात्रवृत्ति वितरणमा देखिएको समस्याहरु पहिचान गर्नु र छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु रहेका छन् ।

यस अनुसन्धान कार्यमा मिश्रित अनुसन्धान विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली, अवलोकन फारम जस्ता साधनहरुको प्रयोग गरिएको छ । जनसङ्ख्या छनोटका लागि खिजीफलाटे गाउपालिका अन्तर्गत पर्ने ६ वटा विद्यालयबाट १/१ प्रधानाध्यापक गरी जम्मा ६ जना प्रधानाध्यापक, १/१ शिक्षकका दरले ६ जना शिक्षक २/२ जना विद्यार्थीका दरले १२ जना विद्यार्थी १/१ अभिभावकका दरले ६ जना अभिभावक र १/१ जना वि.व्य.स. अध्यक्ष गरी जम्मा ६ जना र १ जना शिक्षा शाखा प्रमुखलाई नमुनाको रुपमा छनोट गरिएको छ । यस अध्ययनलाई पूरा गर्न खिजीचण्डेश्वरी गाँउपालिकामा अवस्थित ६ वटा वडा बाट १/१ विद्यालय पर्ने गरी सुविधाजनक नमुना छनोट विधिबाट छनोट गरिएको छ । छनोटमा परेका शिक्षक अभिभावक र विद्यार्थीहरुलाई उद्देश्यमुलक नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरण कार्यक्रम अत्यन्तै प्रभावकारी रहेको पाइयो, छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको छ । गरिव जनजाति, दलित, अपाङ्ग बालबालिकाहरुलाई शिक्षा लिन छात्रवृत्ति कार्यक्रमले राहत मिलेको छ । समाजमा छात्रवृत्तिको कारणले पनि विद्यालयप्रति सकारात्मक सोचको वृद्धि भएको छ । गाँउका छोरी चेलीहरु पनि विद्यालयमा पढ्न सक्ने वातावरण मिलेको छ । छात्रवृत्ति कार्यक्रमका राम्रा राम्रा पक्षहरु हुँदाहुँदै पनि यसको कमिकमजोरीहरु पनि रहेको छ । जसलाई सुधार्न आवश्यक देखिन्छ । विद्यालयले वितरण गरेका छात्रवृत्ति रकमको दुरुपयोग भएको पनि पाइयो । बालबालिकालाई आवश्यक पर्ने शैक्षिक सामग्री किन्न सको कतिपय विद्यार्थी अभिभावकहरुले रकम अन्य क्षेत्रमा खर्च गरेको पाइयो । वर्तमान समय अत्यन्तै महंगिदै गएकोले गर्दा छात्रवृत्ति रकम अत्यन्तै थोरै भयो उक्त रकममा वृद्धि गरिनु पर्ने देखिन्छ । छात्रवृत्ति रकम वृद्धि वितरण गर्दा विद्यार्थीको अवस्था बुझेर वास्तवमा यो विद्यार्थीलाई छात्रवृत्तिको आवश्यक छ कि छैन यकिन गरेर मात्र रकम वितरण गरिनु पर्छ ।

छात्रवृत्ति वितरणले गर्दा विद्यार्थीहरु सिकाइ प्रति उत्प्रेरित भइ उनिहरुको सिकाइ उपलब्धिमा सुधार भएकाले गर्दा सामुदायिक विद्यालयप्रति अभिभावकको धारणा सकारात्मक रहेको पाइयो ।

**विषय सूची** **पृष्ठ संख्या**


सिफारिस पत्र i

स्वीकृति पत्र ii

प्रतिवद्धता iii

कृतज्ञता iv

शोधसार v

विषय सूची vi

संक्षिप्त शब्दको पूरा रुप ix

तालिका सूची x

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको उद्देश्य ५

१.४ अनुसन्धनात्मक प्रश्नहरु ५

१.५ अध्ययनको महत्व ५

१.६ अध्ययनको परिसिमा ६

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा**

२.१ साहित्यको पुनरावलोकन ७

२.२ सैद्धान्तिक साहित्यको पुनरावलोकन ७

२.३ साहित्यको पुनरावलोकन ८

२.४ पुनरावलोकनको उपादेयता १०

२.५ अवधारणात्मक ढाँचा ११

परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

३.१ अध्ययनको ढाँचा र विधि १३

३.२ जनसङ्ख्या, नमुना र नमुना छनौट रणनीति १३

३.२.१ जनसंख्या १३

३.२.२ नमुना १३

३.२.३ नमुना छनोट रणनीति १३

३.३ अध्ययनको क्षेत्र १४
३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका १४
३.५ साधनको वैधता १५
३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया १५
३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १५
परिच्छेद चार : नतिजाको छलफल र विश्लेषण
४.१ छात्रवृत्ति वितरण प्रकृया १६
४.१.१ छात्रवृत्ति वितरणको समय १८
४.१.२ छात्रवृत्ति वितरणमा नगद र जिन्सीको अवस्था १९
४.१.३ छात्रवृत्ति रकम कस्ले प्राप्त गर्दा राम्रो भन्ने विषयमा विद्यार्थी र अभिभावकको धारणा १९
४.१.४ छात्रवृत्ति वितरणमा शिक्षकहरुको संलग्नता २०
४.१.५ छात्रवृत्तिको लागि विद्यार्थीको छनौट प्रकृया २१
४.२ छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता २२
४.२.१ उत्तीर्णदर २२
४.२.२ नियमितता २३
४.२.३ अनुशासन २६
४.२.४ विद्यार्थी सामाजिकीकरण २६
४.३ छात्रवृत्ति वितरणमा देखिएका समस्याहरु २७
४.३.१ छात्रवृत्तिको सदुपयोग/दुरुपयोग २८
४.३.२ रकमको पऱ्याप्तताको अवस्था ३०
४.३.३ छात्रवृत्ति वितरण गर्ने समयको उपयुक्तता ३१
४.३.४ छात्रवृत्ति वितरणमा पारदर्शिता ३१
४.३.५ वितरण प्रणालीमा मापदण्डको निर्धारण ३१
४.३.६ अनुगमन र सुपरिवेक्षण ३२
४.३.७ नीतिगत निर्देशन ३२
४.३.८ चेतना ३२
४.४ छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका उपायहरु ३३
४.४.१ आधारभूत तहमा छात्रवृत्ति वितरण प्रकृया ३३
४.४.२ आधारभूत तहमा छात्रवृत्ति वितरणमा कार्यक्रमको प्रभावकारिता ३४
४.४.३ आधारभूत तहमा छात्रवृत्ति वितरणमा देखिएका समस्याहरु ३४
४.४.४ छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु ३४

४.५ प्राप्ति तथा सारांश ३६
४.५.१ प्राप्ति ३६
४.५.२ सारांश ३८
परिच्छेद पाँच : निष्कर्ष र सुझाव
५.१ निष्कर्ष ३९
५.२ सुझाव ४०
५.२.१ नीतिगत तह ४०
५.२.२ अभ्यास तह ४०
५.२.३ अनुसन्धान तह ४१
सन्दर्भसामग्री सूची ४२
अनुसूचीहरु

## तालिका सूची


तालिका १ : आधारभूत तह (१-८) को विद्यार्थी विवरण १७

तालिका २ : छात्रवृत्ति प्राप्तिका सम्बन्धमा विद्यार्थी र अभिभावकको भनाइ १९

तालिका ३ :प्राथमिक तहमा छात्रवृत्ति वितरणको स्वरुप २१

तालिका ४ : परीक्षाको नतिजा २३

तालिका ५ : छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीको उपस्थिति २४

तालिका ६ : छात्रवृत्ति रकमको उपयोगमा अभिभावकको अभिमत २९

तालिका ७ : छात्रवृत्ति रकमको दर ३०

## सङ्क्षिप्त शब्दको पूरा रुप

| | |
|---|---|
| प्र.अ | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| छा.वृ. | छात्रवृत्ति |
| गा.पा. | गाउँ पालिका |
| शै.सा. | शैक्षिक सामग्री |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| जि.शि.स.ई. | जिल्ला शिक्षा समन्वय ईकाई |
| जि.शि.अ. | जिल्ला शिक्षा समन्वय अधिकारी |
| वि.व्य.स.अ. | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |
| IEMIS | Intergrated Educational Management Information System |
| EMIS | Educational Management information system |